## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०२/२९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु जिल्ला धनुषा औरही गाउँपालिका की तत्कालीन अध्यक्ष **ब्रहमदेव यादव** समेत १७ जना मु.नं (०८१-CR-०१२१) फैसला मिति २०८२/१०/२५ | गैरकानुनी लाभ हानी पुऱ्याउने बद्नियतले कार्य गरी गराई भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>• **औरही गाउँपालिकाका तत्कालीन अध्यक्ष ब्रहमदेव यादवले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा निज प्रतिबादीलाई बिगो रु.६,७९,१२,३८३।९८ (छ करोड उनान्असी लाख बाह्र हजार तीन सय त्रियासी रुपैया अन्ठानब्बे पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार ,निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी प्रतिबादीबाट हिनामिना हानीनोक्सानी एवं दुरूपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिनुका साथै निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>• **औरही गाउँपालिकाका तत्कालीन उपाध्यक्ष मीरा देवी सहनी, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुवोध कुमार ठाकुर, ऐ. गाँउपालिका वडा नं.१ का वडा अध्यक्ष आशेश्वर यादव, ऐ. गाउँपालिका वडा नं.२ का तत्कालीन वडा अध्यक्ष अमित कुमार यादव, ऐ. गाउँपालिका वडा नं.३ का वडा अध्यक्ष गंगा प्रसाद यादव, ऐ. गाउँपालिका वडा नं.४ का तत्कालीन वडा अध्यक्ष शिवनाथ साह, ऐ. गाउँपालिका वडा नं.५ तत्कालीन प्रमेश्वर कुमार मण्डल, गाउँपालिका वडा न.६ का तत्कालीन वडा अध्यक्ष दिलिप कुमार साह, गाउँपालिकाका तत्कालीन ईन्जिनियर पदमा कार्यरत सोनु साह, गाउँपालिकाका तत्कालीन सव-ईन्जिनियर सन्तोष कुमार मण्डल, गाउँपालिकाका सव-ईन्जिनियर बिनित कुमार साह, गाउँपालिकाका तत्कालीन खरिदार मोहन कुमार मण्डल, गाउँपालिकाका तत्कालीन खरिदार मनोज कुमार यादव समेतले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको हुँदा निज प्रतिबादीलाई बिगो रु.६,७९,१२,३८३।९८ (छ करोड उनान्असी लाख बाह्र हजार तीन सय त्रियासी | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• बोलपत्रहरूको प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कन भईरहेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सो सम्बन्धी परेको उजुरीको कारण अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आवश्यक सोधपुछ गरे पछि प्रमुख प्रशासकिय अधिकृत रहेका प्रतिवादी मध्येका सुवोधकुमार ठाकुरले अन्य प्रतिवादी, प्राविधिक मोहनकुमार मण्डलसमेतका प्राविधिक मूल्याङ्कन समितिका सदस्यहरूले प्रस्तुत ठेक्का रद्ध गर्न मनासिव हुने भनी दिएको प्रतिवेदनको आधारमा निज प्रमुख प्रशासकिय अधिकृत सुवोधकुमार ठाकुरले मिति २०७८/५/०३ गते दाबीको ठेक्का रद्ध गर्ने निर्णय गरेको।<br>• प्रमुख प्रशासकिय अधिकृत रहेका सुवोधकुमार ठाकुरले मिति२०७८/५/०३ गते रद्ध गरेको दाबीको ठेक्काको बोलपत्रको शर्त परिवर्तन र म्याद थपको अवस्था र औचित्य ठेक्का रद्ध भएपछि स्वतः सकिएको र रद्ध भईसकेको ठेक्कालाई पुनर्जिवित गर्न पालिकाका अध्यक्ष/उपाध्यक्ष/वडाअध्यक्षहरू रहेका अन्य प्रतिवादीहरूले सो रद्धको निर्णय पछि थप कुनै निर्णय गरेको नदेखिएको।<br>• दाबीको ठेक्का बमोजिमको ठेक्का रद्द गरे पछि सो ठेक्का सम्बन्धी कुनै थप निर्णय नगरेको, सो पश्चात ठेक्का सम्बन्धी कुनै | • आ.ब.२०७७/०७८ को स्वीकृत एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम बमोजिम १५ शैय्याको अस्पताल भवन निर्माण कार्यको Contract No. ARM/NCB/WORKS/०६/२०७७/७८ को खरिद प्रक्रियामा वदनियत राखी शर्तहरु थप गर्ने गराउने, प्रतिवादीहरुले आफू तथा अन्य प्रतिवादीहरुलाई गैरकानूनी लाभ र औरही गाउँपालिका/सार्वजनिक संस्थालाई हानी पुऱ्याउने बदनियतले राष्ट्रसेवक प्रतिवादीहरुले आफ्नो जिम्मा रहेको सम्पत्ति हिनामिना, हानिनोक्सानी तथा दुरूपयोग गराउने बदनियतले मिति २०७८।०१।१७ गते बोलपत्र आह्वानको सूचनाको अन्तिम मिति २०७८।०२।१६ गते बोलपत्र संशोधन गरी Construction Experiences को Key Activities मा M३५ Interlock with multi cobble in multicolour having ६०mm thick, ५१०० sq.m. in a single contract भन्ने प्रावधान थप गर्ने कार्य गरे गराएको, बोलपत्र पेश गर्ने म्याद प्रथम पटक ७ दिन, दोस्रो पटक ८ दिन गरी जम्मा १५ दिन म्याद थप भएकोमा उक्त दोस्रो पटक म्याद थप भएको समयको अन्तिम तिर मिति २०७८।०२।३० गते बोलपत्र पेश गर्ने लुम्बिनी/डि. एण्ड एन. जे.भी. र समानन्तर/बबुल जे.भी. बिच प्रतिस्पर्धा सिमित गरी गराई बोलपत्र शंसोधन गरी गराई नियोजित बोलपत्रदाताको मात्र योग्यता पुग्ने र सोही शर्तलाई मूल्याङ्कनको मूल आधार बनाउन समेतका वदनियतपूर्ण कार्य गरि शर्त थप (Key Activities) गर्ने निर्णय गर्ने गराउने कार्य व रु.६,७९,१२,३८३।९८ नेपाल सरकारको हिनामिना हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको तथ्य उक्त बोलपत्र आह्वानको सूचना प्रकाशन भई बोलपत्र पेश गर्ने अन्तिम मिति २०७८।०२।१६ गते यी प्रतिवादीहरुले बोलपत्र पेश गर्ने म्याद थप ७(सात) दिन गरी Key Activities,मा शंशोधन तथा थप गर्ने कार्यवाट पुष्टि भई रहेको देखिदा देखिदै सो तथ्यलाई नजर अन्दाज गरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• उक्त Contract No. ARM/NCB/WORKS/०६/२०७७/७८ को खरिद प्रक्रियामा Pre-Bid Meeting हुँदा कुनैपनि बोलपत्रदाताहरूको उपस्थिति देखिदैन।बोलपत्र सम्बन्धी कागजातमा कुनै कुरामा द्विविधा भई सो सम्बन्धमा स्पष्ट गर्न कुनै बोलपत्रदाताले अनुरोध गरेको पनि देखिदैन। बोलपत्र पेश गर्ने सुरु मिति देखी अन्तिम मिति सम्ममा कुनै पनि बोलपत्र नै नपरेको अवस्था पनि होईन।तत्काल खरिद नगरे सार्वजनिक निकायलाई हानी नोक्सानी हुने वा सो निकायको कुनै काम रोकिने अवस्था समेत नदेखिएको अवस्थामा बोलपत्र प्रकाशन गर्ने सार्वजनिक निकायले बोलपत्र मूल्याङ्कनका आधार परिवर्तन गरी बोलपत्र पेश गर्ने अन्तिम दिन मनासिव आधार र कारण विना बोलपत्र संशोधन गर्ने कार्य नै बदनियतपुर्ण रहेको तथ्य स्पष्टै देखिन्छ। उक्त अस्पताल भवन निर्माणको लागि Construction Experiences को Similar Size and Nature मा सुरु प्रकाशित बोलपत्रको सूचना अन्तिम दिनमा संशोधन गरी At least one hospital building भन्ने प्रावधान समेत थप गरिएको विषय सुरु मै निर्क्यौल हुन सक्ने विषय भएको अन्तिम अवस्थामा थप गर्नुपर्ने विषय नै नरहेको हुदाँ यी प्रतिवादीहरुले लुम्बिनी/डि. एण्ड एन. जे.भी तथा डि.एण्ड एन. बिल्डर्स प्रा.लि. र लुम्बिनी बिल्डर्स प्रा.लि.लाई फाईदा हुने गरि वदनियतपुर्ण तवरवाट बोलपत्रको Key Activities हरुमा थप शर्तहरु थप गरेको तथ्य पुष्टि हुन आएको देखिन्छ।बोलपत्र पेश गर्ने अन्तिम दिन मिति२०७८।०२।१६ गते बोलपत्र संशोधन गरी Construction Experiences को Key Activities मा भवन संरचना बाहिरको अस्पतालहाता भित्रका ancillary (सहायक) कार्य, M35 Interlock with multi cobble in multicolour having 60mm thick, 5100 sq.m. in a single contract भन्ने प्रावधान थप गर्ने कार्य बदनियतपूर्ण रहेको देखिन्छ। यसरी बोलपत्र पेश गर्ने म्याद प्रथम पटक ७ दिन, दोस्रो पटक ८ दिन गरी जम्मा १५ दिन म्याद थप भएकोमा उक्त दोस्रो पटक म्याद थप भएको समयको अन्तिम मा मिति २०७८।०२।३० गते बोलपत्र पेश गर्ने लुम्बिनी/डि. एण्ड एन. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रुपैया अन्ठानब्बे पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी प्रतिबादीबाट हिनामिना हानीनोक्सानी एवं दुरूपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>• **लुम्बिनी/डि. एण्ड एन. जे.भी तथा डि.एण्ड एन. बिल्डर्स प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक दिपेन्द्र कुमार ठाकुर(हाल मधेश प्रदेशका प्रदेश सभा सदस्य) र लुम्बिनी बिल्डर्स प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक बिष्णु प्रसाद शर्माले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.६,७९,१२,३८३।९८ (अक्षरेपी छ करोड उनन्असी लाख बाह्र हजार तीनसय त्रियासी रूपैया अन्ठानब्बे रुपैया) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम विगो असुल हुने सजायलाई आधारमानी प्रतिवादीहरु लुम्बिनी/डि. एण्ड एन. जे.भी तथा डि.एण्ड एन. बिल्डर्स प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक दिपेन्द्र कुमार ठाकुर र लुम्बिनी बिल्डर्स प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक बिष्णु प्रसाद शर्मालाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइ आरोप पत्र दायर भएको देखिन्छ। | रकम भुक्तानी नगरेको वा नेपाल सरकारलाई वा औरही गाउँपालिकालाई आर्थिक रुपमा हानीनोक्सानी गरेको नदेखिएको। | जे.भी. र समानन्तर/बबुल जे.भी. बिच समिति प्रतिस्पर्धा गराई बदनियतपूर्वक मिलोमतोमा मूल्याङ्कन गरी गराई बाँकी १३ वटा बोलपत्रहरुलाई प्राविधिक रुपमा असफल गरे गराएको तथ्य उक्त बोलपत्रको सूचना, म्याद थप पत्र, बोलपत्र संशोधनका बेहोराहरु समेतबाट पुष्टी भई रहेको अवस्था देखिदा देखिदै उक्त प्रमाणहरुको यथेष्ट मुल्यांकन नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) मा प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको देखिन्छ। सो अन्तर्गत निजको कार्यहरु हेर्दा सभा र कार्यपालिकाको सचिवको रुपमा कार्य गर्ने, कोष तथा आर्थिक कारोबारको हिसाब तथा अभिलेख दुरुस्त राख्ने, राख्न लगाउने, लेखापरीक्षण गराउने, आयोजनाहरुको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने, नगरपालिकाको चलअचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने गराउने, सभा र कार्यपालिकाको निर्णयको अभिलेख सुरक्षित गर्ने, लगायतको काम गर्ने भन्ने समेत कानूनी व्यवस्था रहेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतको पदमा रहेका यी प्रतिवादी सुवोध कुमार ठाकुरले उक्त ठेक्काको लागत अनुमान तयार गर्दा नै योजनावद्ध तवरमा बदनियत राखि अस्वभाविक मूल्य रु.२४,४३,५२,६५०।०० कायम गरेको देखिएको र उक्त अस्वभाविक मूल्य कायम भएको लागत अनुमान बमोजिमको कार्य लुम्बिनी/डि. एण्ड एन. जे.भी. र समानन्तर/बबुल जे.भी. बिच मात्र सिमित प्रतिस्पर्धा गरी गराई अन्य बोलपत्र दातालाई प्रतिस्पर्धा समाहित नगर्ने मनसायले अनावश्यक शर्त थप गरी यि प्रतिवादी सुबोध कुमार ठाकुर समेतले आफू तथा अन्य प्रतिवादीहरुलाई गैरकानूनी लाभ र औरही गाउँपालिका/सार्वजनिक संस्थालाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने बदनियतले कार्य गरेको देखिन्छ। यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे समेत विरूद्ध नेपाल सरकार भएको मुद्दा, सर्वोच्च अदात बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र२० मा **"सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ"** भनी सिद्धान्त प्रतिपादन भएको हुँदा उक्त सिद्धान्त अनुसार प्रतिवादीहरुको कार्यवाट नै मनसाय एकिन गरि आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सो नजिर सिद्धान्तको प्रतिकूल प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर योग्य छ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ मा स्थानीय निर्वाचित पदाधिकारीहरु प्रमुख, उप प्रमुख तथा वडा अध्यक्षहरुको कर्तव्य र अधिकारको व्यवस्था गरेको देखिन्छ। प्रस्तुत मुद्दाका प्रतिवादीहरु मध्ये औरही गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु हुन्। जसमा गाउँपालिकाका अध्यक्ष ब्रहमदेव यादव, उपाध्यक्ष मीरा देवी सहनी, वडा अध्यक्षहरु आशेश्वर यादव, अमित कुमार यादव, गंगा प्रसाद यादव, शिवनाथ साह, प्रमेश्वर कुमार मण्डल, दिलिप प्रसाद साह रहेका छन्। यी पदाधिकारीहरुले १५ शैय्याको अस्पताल भवन निर्माण कार्यको Contract No. ARM/NCB/WORKS/06/2077/78 को खरिद प्रक्रियामा वदनियत राखी अनाबाश्यक शर्तहरु थप गर्ने गराउने निर्णयमा सम्लग्नता देखिनुका साथै यी प्रतिवादीहरुले आफू तथा अन्य प्रतिवादीहरुलाई लाभ र औरही गाउपालिका/सार्वजनिक संस्थालाई हानी पुऱ्याउने बदनियतले राष्ट्रसेवक प्रतिवादीहरुले आफ्नो जिम्मा रहेको सम्पत्ति हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गराउने बदनियतले बोलपत्र पेश गर्ने अन्तिम मिति २०७८।०२।१६ गते बोलपत्र संशोधन गरी Construction Experiences को Key Activities मा M35 Interlock with multi cobble in multicolour having **60**mm thick, **5100** sq.m. in a single contract भन्ने प्रावधान थप गर्ने कार्य गरे गराएको, बोलपत्र पेश गर्ने म्याद प्रथम पटक ७ दिन, दोस्रो पटक ८ दिन गरी जम्मा १५ दिन म्याद थप भएकोमा उक्त दोस्रो पटक म्याद थप भएको समयको अन्तिम तिर मिति २०७८।०२।३० गते बोलपत्र पेश गर्ने लुम्बिनी/डि. एण्ड एन. जे.भी. र समानन्तर/बबुल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | जे.भी. बिच सिमित प्रतिस्पर्धा गराई बदनियत राखि मूल्याङ्कन समितिका अन्य सदस्यसमेत संलग्न गरी गराई मिलोमतोमा मूल्याङ्कन गरी गराई बाँकी १३ वटा बोलपत्रहरू यसै आधारमा असफल गरे गराएको देखिदा यी प्रतिवादीहरुको बद्नियतपूर्ण कार्य पुष्टि भईरहेको देखिदा देखिदै यी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला बदरभागी देखिन्छ। यसै सन्दर्भमा, नेकाप २०७८, पौष, नि.नं. १०७४८ नेपाल सरकार विरुद्ध हरि प्रसाद ढकाल समेत भएको भ्रष्टाचार मुद्दामा "**मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो; त्यसैले यो सधैं मुखरित अवस्थामा नहुन पनि सक्छ ।कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गर्नुपर्ने। अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएन; कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा थियो वा थिएन भन्ने यकिन गर्नुपर्ने**" भन्ने प्रतिपादित सिद्धान्त विपरित भएको प्रस्तुत फैसला बदरभागी छ।<br>• प्रतिवादीहरु सिभिल इन्जिनियर सोनु साह सव-इन्जिनियर सन्तोष कुमार मण्डल, सव इन्जिनियर बिनित कुमार साह, खरिदार मोहन कुमार मण्डल, खरिदार मनोज कुमार यादव प्रस्तुत ठेक्काको मूल्याङ्कन समितिको सदस्य रहेको देखिन्छ। यी प्रतिवादीहरुले आपसी मिलेमतोमा आफू तथा अन्य प्रतिवादी एवं **बोलपत्र दाता लुम्बिनी/डि. एण्ड एन. जे.भी तथा डि.एण्ड एन. बिल्डर्स प्रा.लि. र लुम्बिनी बिल्डर्स प्रा.लि.लाई** गैरकानूनी लाभ हुने उदेश्यले उक्त अस्पताल भवन निर्माणको लागि Construction Experiences को Similar Size and Nature मा सुरु प्रकाशित बोलपत्रको सूचना अन्तिम दिनमा संशोधन गरी At least one hospital building भन्ने थप गरिएको प्रावधानलाइ नै आधार बनाई मुल्यांकन गरि प्रतिस्पर्धामा रहेका अन्य १३ वटा बोलपत्रलाई Non Responsive ठहर गरि, प्रतिस्पर्धालाई सिमित गरि औरही गाउँपालिका/सार्वजनिक संस्थालाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने बदनियतले गलत मुल्यांकन प्रतिवेदन पेश गरिको देखिदा देखिदै मिसिल संलग्न उक्त तथ्य एवं प्रमाणलाई नजर अन्दाज गरि प्रतिवादीहरुलाई सफाई दिनेगरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• आ.ब.२०७७/०७८ को स्वीकृत एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम बमोजिम १५ शैय्याको अस्पताल भवन निर्माण कार्यको Contract No. ARM/NCB/WORKS/06/2077/78 को खरिद कार्यमा सबै भन्दा कम अंक कवोल गर्ने बोलपत्रदाताको रुपमा प्रतिष्ठा/धुलिखेल/एक्सिस एसियन जे.भी. तथ्य उक्त फर्म्मका संचालकहरु संदीप कुमार महतो र ध्रुब प्रसाद रिजालले अनुसन्धानको क्रममा गरेको कागजवाट पुष्टि हुन आएको देखिन्छ। उक्त निर्माण कार्यको ठेक्का प्राप्त गर्नको लागी बोलपत्रदाताको रुपमा संलग्न रहेका बोलपत्र दाता लुम्बिनी/डि. एण्ड एन. बिल्डर्स प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक दिपेन्द्र कुमार ठाकुर र लुम्बिनी बिल्डर्स प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक बिष्णु प्रसाद शर्मा समेतले वदनियत पुर्बक ठेक्का प्राप्त गर्नको लागी सबै भन्दा कम अंक कवोल गर्ने बोलपत्रदाता प्रतिष्ठा/धुलिखेल/एक्सिस एसियन जे.भी. Non Responsive ठहर गराउनको लागी भवन निर्माणको लागि Construction Experiences को Similar Size and Nature मा सुरु प्रकाशित बोलपत्रको सूचना अन्तिम दिनमा संशोधन गरी At least one hospital building भन्ने शर्त राखी राख्न लगाइ ठेक्का प्राप्त गरेको देखिन्छ भने प्रतिवादीहरुको उक्त कार्यवाट गाँउपालिकालाई रु.६,७९,१२,३८३।९८ (अक्षरेपी छ करोड उनान्असी लाख बाह्र हजार तीनसय त्रियासी रूपैया अन्ठानब्बे रुपैया) हानी नोक्सानी भएको तथ्य स्थापित भई रहेको अवस्था देखिदा देखिदै बोलपत्रका शर्तहरुलाई मनासिव आधार कारण विना संशोधन गर्ने यि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदर भागी छ।<br>• अतः प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा संकलित मिसिल संलग्न औरही गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, धनुषाको पत्र, लागत अनुमान, बोलपत्र कागजात, बोलपत्र संशोधन कागजात, गाउँ कार्यपालिकाको बैठकको निर्णय, आशयको सूचना(LOI), सार्वजनिक खरिद परामर्श कार्यटोलीको राय, सार्वजनिक खरिद अनुगन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यालयको प्रतिनिधिसमेतको रोहवरमा तयार भएको मुचुल्का, प्रतिवादीहरु/शंकितहरुको वयान समेतका आधार प्रमाणहरुवाट प्रतिवादीहरु गाउँपालिका अध्यक्ष ब्रहमदेव यादव, उपाध्यक्ष मीरा देवी सहनी, वडा अध्यक्षहरु आशेश्वर यादव, अमित कुमार यादव, गंगा प्रसाद यादव, शिवनाथ साह, प्रमेश्वर कुमार मण्डल, दिलिप प्रसाद साह, प्रमुख प्रशासकीय अधिकृत सुवोध कुमार ठाकुर, सिभिल इन्जिनियर सोनु साह, सव-इन्जिनियर सन्तोष कुमार मण्डल, सव इन्जिनियर बिनित कुमार साह, खरिदार मोहन कुमार मण्डल, खरिदार मनोज कुमार यादव, लुम्बिनी/डि. एण्ड एन. जे.भी, डि.एण्ड एन. बिल्डर्स प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक दिपेन्द्र कुमार ठाकुर र लुम्बिनी बिल्डर्स प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक बिष्णु प्रसाद शर्मा उपरको आरोप दावी पुष्टि भई रहेको स्थितिमा निज प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई हुने ठहर गरी भएको विशेष अदालतको फैसला त्रुटिपुर्ण देखिदा उक्त फैसला बदर गरि उल्लिखित प्रतिवादीहरुलाई आरोपदावी बमोजिम सजाय गरी पाउन सादर अनुरोध छ। |